**Gurkhas Finance Ltd.**

**गोर्खाज फाइनान्स लि.**

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)

# वार्षिक साधारणसभाको निर्णय पूस्तिका

## मिति २०८२/०९/२९ गते सम्पन्न भएको ३१ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकाको विवरण

## गोर्खाज फाइनान्स लिमिटेडको
## एकतीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट)

### १. वैधानिक सभा

कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री कल्पना खापुङ्ग्ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

### २. सभाको सूचना

कम्पनी ऐन, २०६३ को दफा ६७ र वित्तीय संस्थाको नियमावली बमोजिम वित्तीय संस्थाको ३१ औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक मिति २०८२/०९/०८ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिका र दोश्रो पटक मिति २०८२/०९/१३ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, वित्तीय संस्थाको आधिकारिक वेबसाइट www.gurkhasfinance.com.np मा समेत राखी जानकारी गरिएको थियो ।

**सभा हुने मिति, समय र स्थान**
सभा हुने मिति : २०८२ साल पौष २९ गते मंगलबार, तदअनुसार १३ जनवरी, २०२६
समय : बिहान ११:०० बजे
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङकवेट, बत्तीसपुतली, काठमाण्डौ ।

### ३. छलफलका विषयहरु

**क) साधारण प्रस्तावहरु :**

१) संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८१/०८२ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/८३ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संस्थापक समूहबाट ३ (तिन) जना र सर्वसाधारण समूहबाट ३ (तिन) जना गरी ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

१) यस गोर्खाज फाइनान्स लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा ।

क) यस फाइनान्स र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धि सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अघि बढाउन सञ्चालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने ।

ख) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

Kalpana

२) मिति २०८२/०६/१८ देखि मिति २०८२/०९/२९ सम्मको सञ्चालक समितिको कार्य तथा पदावधिलाई अनुमोदन गर्ने सम्बन्धमा ।

३) काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३०, डिल्लीबजार अवस्थित संस्थाको रजिष्टर्ड कार्यालयलाई स्थानान्तरण गर्ने सम्बन्धमा ।

४) संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर, थपघट गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

## ४. उपस्थिति

### ४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री कल्पना खापुङ्ग | अध्यक्ष |
| २. | श्री युवराज राई | सञ्चालक |
| ३. | श्री कर्मेन्द्र विक्रम नेम्बाङ (लिम्बु) | सञ्चालक |
| ४. | श्री विनोद कुमार चोङवाङ | सञ्चालक |
| ५. | श्री जीवन कुमार राई | सञ्चालक |

### ४.२ प्रतिनिधि

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | शर्मिला खतिवडा | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | कबिन्द्र ध्वज जोशी | मुक्तिनाथ क्यापिटल लिमिटेड |

### ४.३ उपस्थित अन्य पदाधिकारी

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री ज्ञानेन्द्र इवाहाङ | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री दिपेन मान सिंह प्रधान | सहायक महा-प्रबन्धक |

### ४.४ सेयरधनीको उपस्थिति

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने सेयरधनीको संख्या | १८६ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने सेयरधनी संख्या | २९७ |
| | जम्मा | ४८३ |

## ५. गणपुरक संख्या

| कुल सेयरधनी संख्या | कुल सेयर संख्या | सेयरधनीको उपस्थिति | | | | | | सेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थिति | | प्रतिनिधिमार्फत | | कुल | | |
| | | संख्या | सेयर | संख्या | सेयर | संख्या | सेयर | |
| २०,८२८ | ८६,७६,६५९ | १८६ | १३,६०,०९३ | २९७ | ३२,१५,२९५ | ४८३ | ४५,७५,३८८ | ५२.७१ |

## ६. सभाको वैधानिकता

६.१ कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयर प्रतिनिधित्व हुने गरी कुल सेधरधनीहरु मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको एकतीसौं वार्षिक साधारण सभामा राखिएको सेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने सेयरधनीको संख्या १८६ जना र प्रोक्सी मार्फत २९८ जना गरी कुल ४८४ जनाको उपस्थिति रही कुल सेयरको ५२.७१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाडौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री कल्पना खापुङ्गज्यूको सभापतित्वमा गर्ने व्यहोरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री कल्पना खापुङ्गज्यूको सभापतित्वमा वित्तीय संस्थाको एकतीसौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुती

७.१ सभाका अध्यक्षज्यूले उपस्थित सबै सेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

७.२ तत्पश्चात् अध्यक्षज्यूले वित्तीय संस्थाको लेखापरीक्षण प्रतिवेदनसहित २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ८. छलफलको लागि आव्हान र सहभागी सेयरधनीहरु

८.१ वित्तीय संस्थाको संचालक समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञाषा तथा सुझाव भए जानकारी गराउन कम्पनी सचिवज्यूले सेयरधनीहरु समक्ष अनुरोध गर्नु भएपश्चात् सेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई सल्लाह तथा सुझाव राख्नु हुने सेयरधनी महानुभावहरुको नाम:

१. श्री टिकाराम सुनुवार
२. श्री यादव चन्द्र राई
३. श्री रोज कुमार श्रेष्ठ
४. श्री प्रेम बहादुर खापुङ्ग
५. श्री पुरञ्जन राई

Gurkhas Finance Ltd.

६. श्री टठ बहादुर लावती (क्षितिज)
७. श्री डेकेन्द्र कुमार राई
८. श्री भवानी लोहरुङ्ग राई

लिखित रुपमा मन्तव्य राख्नु हुने सेयरधनीहरु
१. श्री नरसिंह लाल चखूँ
२. श्री इन्द्र प्रसाद लामिछाने

**९. छलफलमा सहभागी हुनेहरुले आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलका क्रममा सेयरधनी महानुभावहरुले वित्तीय संस्थाको वित्तीय विवरणको क्रममा आफ्नो राय व्यक्त गदै संस्थाले गरेका राम्रा पक्षको सम्बन्धमा राय दिनुका साथै संस्थामा निम्न उल्लेख भए बमोजिम सल्लाह तथा सुझाव तथा लिखित सुझावहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- खराब वर्गमा रहेका कर्जाहरुको हकमा असुली प्रक्रियालाई गतिशिल बनाउने बारे ध्यानार्कषण गराउनु भयो ।
- गैह्र बैंकिङ सम्पत्ति र संचिति नोक्सानी धेरै भयो ।
- वित्तीय सुचाकंहरुलाई तोकिएको मापदण्डभित्र ल्याउनुपर्ने सुझाव दिनुभयो ।
- संस्थागत सुशासनतर्फ ध्यानाकर्षण गराउनु भयो ।
- खर्चहरुमा मितव्ययितता अपनाउनु पर्ने सुझाव दिनु भयो ।
- सञ्चालन खर्चमा कटौती गर्नुपर्ने सुझाव दिनु भयो ।
- वार्षिक प्रतिवेदन पुस्तकको केही अनुसूचीमा त्रुटि रहेको ।

**१०. सभामा सेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञाषा र प्रश्नहरुको सुझाव**

वित्तीय संस्थाका सेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा उठाउनु भएको जिज्ञाषा तथा प्रश्नहरुको सन्दर्भमा अध्यज्यूले निम्नानुसारको जानकारी गराउनु भयो ।

- खराब वर्गमा रहेका कर्जाहरुको हकमा असुली सम्बन्धी कारवाही अगाडी बढाई सकिएको जानकारी गराउन चाहन्छु ।
- गैह्र बैंकिङ सम्पत्ति विक्री र संचिती नोक्सानी घटाउने योजना रहेको छ ।
- वित्तीय सुचाकंहरुलाई मापदण्ड भित्र ल्याउन दत्तचित्त भएर लागि रहेको जानकारी गराउनु भयो ।
- नियामक निकायबाट भएका निर्देशनहरुको अक्षरशः पालना गरी संस्थागत सुशासनलाई बलियो बनाउने प्रतिबद्धता सभामा जाहेर गर्नु भयो ।
- खर्चहरु गरिदाँ मितव्ययीता अपनाई खर्च गरिने छ ।
- सञ्चालन खर्चमा कटौती गर्ने अभिप्रायले महँगो भाडा तिरेर सञ्चालनमा रहेको शाखा/केन्द्रीय कार्यालय स्थानान्तरणको क्रममा रहेको जानकारी गराउनु भयो ।
- आगामी दिनमा त्रुटि नदोहोरिने गरी कार्य गरिने जानकारी गराउनु भयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

## ११. एकतीसौं वार्षिक साधारण सभाका निर्णयहरु

क) साधारण प्रस्तावहरु :

१) **संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८१/०८२ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२) **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।**

वित्तीय संस्थाको स्वतन्त्र लेखापरीक्षक श्री एन.बी.एस.एम एण्ड एसोसियट्सका साझेदार श्री राजेश कुमार साहले पेश गर्नु भएको आ.व. २०८१/०८२ स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन, लेखा सम्बन्धी टिप्पणीहरु र थप प्रकटीकरण समेतलाई सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

३) **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/८३ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको मिति २०८२ मंसीर २३ गते सम्पन्न ७ औं बैठकबाट वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्नका निमित्त कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुरुप बाह्य लेखापरीक्षकको नियुक्त गर्ने सम्बन्धमा लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेण्ट्स (दर्ता नं. ००८२, स्था.ले.नं. ५०००३९९८२) लाई नियुक्त गर्न सिफारिस गर्ने निर्णय भएको र उक्त फर्मले पेश गरेको शुल्क समेत न्युनतम रहेकोले लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेण्ट्स (दर्ता नं. ००८२, स्था.ले.नं. ५०००३९९८२) काठमाडौंलाई २०८२/०८३ को अन्तिम लेखापरीक्षण शुल्क, २०८२/०८३ को Long Form Audit Report शुल्क, आ.व. २०८२/०८३ को कर लेखापरीक्षण शुल्क, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिम को प्रतिवेदन प्रमाणित शुल्क, नेपाल धितोपत्र बोर्डद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणित शुल्क, NFRS Review सम्बन्धि कामको शुल्क तथा शाखा भ्रमण कार्यको लागि लाग्ने खर्च समेत गरी एकमुष्ट रु ५,००,०००/- (मु.अ.क बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी बाह्य लेखापरीक्षक नियुक्तिको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४) **संस्थापक समूहबाट ३ (तिन) जना र सर्वसाधारण समूहबाट ३ (तिन) जना गरी ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।**

संस्थापक समूहबाट ३ (तिन) जना र सर्वसाधारण समूहबाट ३ (तिन) जना गरी ६ (छ) जना सञ्चालकहरुको निर्वाचन परिणाम सम्बन्धमा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री महेन्द्र बहादुर श्रेष्ठले निम्नानुसार उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा सभा समक्ष गर्नु भयो

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

निर्वाचन अधिकृतले संस्थाको ३१औं वार्षिक साधारण सभामा निर्विरोध निर्वाचित हुनुभएका नवनियुक्त सञ्चालकहरुलाई बधाई तथा शुभकामना दिनुभयो ।

| संस्थापक समूह | | सर्वसाधारण समूह | |
|---|---|---|---|
| क.सं. | नाम | क.सं. | नाम |
| १ | युवराज राई<br>बानेश्वर, काठमाण्डौ | १ | प्रकाश बहादुर श्रेष्ठ<br>सामाखुशी, काठमाण्डौ |
| २ | यादव चन्द्र राई<br>कोटेश्वर, काठमाण्डौ | २ | विनोद कुमार चोङवाङ<br>चाँगुनारायण, भक्तपुर |
| ३ | कर्मेन्द्र बिक्रम नेम्बाङ्ग लिम्बु<br>बुढानिलकण्ठ, काठमाण्डौ | ३ | यज्ञ कुमारी मगर<br>टोखा, काठमाण्डौ |

**ख) विशेष प्रस्तावहरु :**

**१) यस गोर्खाज फाइनान्स लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा ।**

**क) यस फाइनान्स र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धि सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अघि बढाउन सञ्चालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस फाइनान्स र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धि सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अघि बढाउन सञ्चालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**ख) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२) मिति २०८२/०६/१८ देखि मिति २०८२/०९/२९ सम्मको सञ्चालक समितिको कार्य तथा पदावधिलाई अनुमोदन गर्ने सम्बन्धमा ।**

मिति २०७८ आश्विन १८ गते सम्पन्न संस्थाको २६औं वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालकहरुको पदावधि यही मिति २०८२/०६/१७ मा कार्यअवधि समाप्त भएको हुँदा मिति २०८२/०६/१८ देखि यस ३१औं साधारण सभाको दिन मिति २०८२/०९/२९ सम्म नियुक्त सञ्चालक समितिको सञ्चालकको पदावधिलाई अनुमोदन तथा मिति २०८२/०२/२५ गते बसेको ५२२ औं बैठकबाट श्री जीवन कुमार राईलाई स्वतन्त्र सञ्चालकमा नियुक्ती गरेको निर्णयलाई अनुमोदनका लागि गरेको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

Gurkhas Finance Ltd.

३) **काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३०, डिल्लीबजार अवस्थित संस्थाको रजिष्टर्ड कार्यालयलाई स्थानान्तरण गर्ने सम्बन्धमा ।**

अघिल्लो साधारणसभाबाट सञ्चालन खर्च घटाउने सम्बन्धमा प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा स्थीर प्रकृतिको सञ्चालन खर्च कटौती साथै कार्यालयको लागि आवश्यक स्थान अभावको कारण काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३०, डिल्लीबजार अवस्थित संस्थाको रजिष्टर्ड कार्यालयलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने र यस सम्बन्धी आवश्यक कार्य गर्न पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४) **संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने नियमाक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्यारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग) विविध**

विविध विषय उपर छलफलका अन्य कुनै विषयवस्तु नभएको जानकारी गराउनु भयो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सेयरधनी महानुभावहरुलाई छलफलमा सकरात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै सेयरधनीहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै एकतीसौं वार्षिक साधारण सभा सफतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, मध्यमस्तरीय करदाता कार्यालय, कर्मचारी वर्ग तथा अन्य संस्थाप्रति शुभेच्छुक सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो २:२५ बजे विधिवत रुपमा सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| ............................ | Gurkhas Finance Ltd. | ............................ |
| यान सिं राई | गोर्खाज फाइनान्स लि. | श्री कल्पना खापुङ्ग |
| कम्पनी सचिव | | अध्यक्ष |

मिति : २०८२/१०/०४